# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) हेटौंडा, नेपाल, मंसिर १३ गते, २०८१ साल (सङ्ख्या २१

## भाग ३

### बागमती प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

### हेटौंडा, नेपालको

## सूचना

### सवारी साधन खरिद सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८१

**प्रस्तावनाः** सवारी साधन खरिद सम्बन्धी मापदण्ड, २०७४ लाई समयानुकूल संशोधन गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्‌ले देहाय बमोजिमको मापदण्ड स्वीकृत गरेको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस मापदण्डको नाम "सवारी साधन खरिद सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८१" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>सवारी साधन खरिद सम्बन्धी मापदण्ड, २०७४ को दफा २ मा संशोधनः</u>** सवारी साधन खरिद सम्बन्धी मापदण्ड, २०७४ (यसपछि "मूल मापदण्ड" भनिएको) को दफा २ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) "प्रदेशका सरकारका निकाय" भन्नाले प्रदेश सभा सचिवालय, प्रदेश लोक सेवा आयोग, प्रदेश अन्तर्गतका मन्त्रालय, मुख्यन्यायाधिवक्ताको कार्यालय र प्रदेश मातहतको सबै सरकारी कार्यालयहरु सम्झनु पर्छ। सो शब्दले संविधान र प्रदेश कानून बमोजिम गठित निकाय, कार्यालय वा सचिवालय समेतलाई जनाउँछ।"

(२) खण्ड (क) पछि देहायको खण्ड (क१) थप गरिएको छः-

"(क१) "प्रदेश सरकार" भन्नाले बागमती प्रदेश सरकार सम्झनु पर्छ।"

(३) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थप गरिएको छः-

"(ख१) "महाशाखा प्रमुख" भन्नाले प्रदेश मन्त्रालयका राजपत्रांकित द्वितीय श्रेणी वा अधिकृतस्तर नवौं तह वा सो भन्दा माथिका महाशाखा प्रमुख सम्झनु पर्छ।"

३. **मूल मापदण्ड दफा ३ मा संशोधनः** मूल मापदण्डको दफा ३ को,-

(१) उपदफा (१) मा रहेको "प्रदेशस्तरका कुनै पनि निकाय" भन्ने शब्दहरुको सट्टा "प्रदेश सरकारका निकाय" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (१) को खण्ड (ग) झिकिएको छ।

(३) उपदफा (१) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) नेपाल सरकार र प्रदेश सरकारको सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछ"

(४) उपदफा (२) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छः-

"तर आर्थिक वर्ष २०८१।०८२ को हकमा सवारी साधन खरिदका लागि यस मापदण्डमा उल्लेख गरे भन्दा घटी रकम विनियोजन भएको भएमा यस मापदण्ड बमोजिम हुने गरी रकमान्तर वा थप बजेट व्यवस्थापन गर्न यस उपदफा र दफा ७ को उपदफा (१) ले बाधा पुऱ्याएको मानिने छैन।"

४. **<u>मूल मापदण्डको दफा ४ मा संशोधनः</u>** मूल मापदण्डको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छः-

"४. **<u>सवारी साधनको सुविधा पाउने पदाधिकारीको वर्गः</u>** सवारी साधनको सुविधा पाउने पदाधिकारीलाई देहाय अनुसारको मर्यादा बमोजिम वर्ग कायम गरी सवारी साधन उपलब्ध गराईने छः-

| पदाधिकारी | वर्ग |
|---|---|
| मुख्यमन्त्री | क वर्ग |
| सभामुख/उपसभामुख/मन्त्रीस्तर/प्रमुख सचिव | ख वर्ग |
| प्रदेश सचिव | ग वर्ग |
| महाशाखा प्रमुख/अधिकृतस्तर नवौं तह वा सो भन्दा माथिको कार्यालय प्रमुख | घ वर्ग |
| अधिकृतस्तर आठौं तहसम्मको कार्यालय प्रमुख | ङ वर्ग |
| अन्य | च वर्ग" |

५. **<u>मूल मापदण्डको दफा ५ मा संशोधनः</u>** मूल मापदण्डको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः-

"५. **<u>सवारी साधनको उपलब्धताः</u>** (१) सवारी साधनको सुविधा पाउने पदाधिकारीलाई देहाय अनुसार वर्गको सवारी साधन उपलब्ध गराइने छः-

| वर्ग | सवारी साधनको मुल्य | प्रकार | क्षमता |
|---|---|---|---|
| क. | बढीमा रु. एक करोड पचास लाख | जीप | ......... |

| | | | |
|---|---|---|---|
| ख. | बढीमा रु. एक करोड बीस लाख | जीप | ......... |
| ग. | बढीमा रु. असी लाख | जीप | ......... |
| घ. | बढीमा रु. पचपन्न लाख | जीप/कार/पिकअप | ......... |
| ङ. | बढीमा रु पचपन्न लाख | जीप/कार/पिकअप | ......... |
| च. | बढीमा रु. तीन लाख पचास हजार | मोटरसाइकल | बढीमा १६० सी.सी. |
| | बढीमा रु. दुई लाख असी हजार | स्कुटर | बढीमा १२५ सी.सी. |

(२) सवारी साधनको सुविधा पाउने पदाधिकारी बाहेक ३० (तीस) जना भन्दा बढी कर्मचारीको दरबन्दी भएका र फिल्ड गइरहनु पर्ने प्रदेश सरकारका निकायमा अतिरिक्त (पुलमा) सवारी अत्यावश्यक भइ खरिद गर्नुपरेमा पैंतालीस लाखमा नबढ्ने गरी अतिरिक्त सवारीको रुपमा एक थान चार पाङ्ग्रे सवारी साधन खरिद गर्न सकिनेछ। यसरी खरिद गरिने सवारी साधन पहाडी कच्ची बाटोमा समेत प्रयोग गर्न मिल्ने ४ डब्लु डि भएको जीप वा पिकअप हुनु पर्नेछ।

(३) सवारी साधनको सुविधा पाउने पदाधिकारी बाहेक अन्य कर्मचारीको हकमा कार्यालयमा अतिरिक्त (पुलमा) सवारी साधन उपलब्ध भएमा कार्यालय प्रमुखले जिम्मेवारी र आवश्यकताको आधारमा सवारी साधन उपलब्ध गराउन सक्नेछ।"

६. <u>**मूल मापदण्डको दफा ६ मा संशोधनः**</u> मूल मापदण्डको दफा ६ झिकिएको छ।

७. **मूल मापदण्डको दफा ७ मा संशोधनः** मूल मापदण्डको दफा ७ को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (१क) थप गरिएको छः-

"(१क) सवारी साधनको सुविधा पाउने पदाधिकारीलाई प्रचलित कानून तथा प्रदेश सरकारले तोकेको अवस्थामा बाहेक एक भन्दा बढी सवारी साधन उपलब्ध गराइने छैन। प्रदेशका निकायले मौजुदा सवारी साधनको संख्या र प्रयोगको अवस्थासहितको अद्यावधिक अभिलेख राख्नु पर्नेछ।"

(२) उपदफा (६) झिकिएको छ।

(३) उपदफा (६) पछि देहायको उपदफा (७), उपदफा (८), उपदफा (९) र उपदफा (१०) थप गरिएको छः-

"(७) मौजुदा सवारी साधन मितव्ययी ढङ्गले मर्मत गरी उपयोग गर्ने दायित्व प्रदेश सरकारको सम्बन्धित निकायको हुनेछ। उपयोगमा नआउने बीस वर्ष पुगेका सवारी साधनलाई अनिवार्य रुपमा लिलाम गर्नु पर्नेछ।

(८) मर्मत गरेर पनि उपयोगमा आउन नसक्ने र बीस वर्ष अवधि पुगेका सवारी साधनहरु लागतप्रभावीका आधारमा विद्युतीय सवारी साधनमा रुपान्तरण गर्न सकिने नसकिने बारेमा प्रदेश सरकारको सम्बन्धित निकायले यो मापदण्ड प्रारम्भ भएको मितिले तीन महिनाभित्र यकिन गर्नु

पर्नेछ। यसरी रुपान्तरण गर्न सकिने देखिएका सवारी साधन सम्बन्धित निकायको आवश्यकता समेत यकिन गरी रुपान्तरण माग भई आएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले सहमति दिन सक्नेछ।

(९) उपदफा (८) बमोजिम विद्युतीय सवारी साधनमा रुपान्तरण गर्न नसकिने सवारी साधन प्रदेश सरकारको सम्बन्धित निकायले आर्थिक वर्ष २०८१।०८२ भित्र अनिवार्य रुपमा लिलाम गर्नु पर्नेछ।

(१०) सवारी साधनको उपयोग र व्यवस्थापन गर्दा सवारी साधन सम्बन्धी नेपाल सरकार र प्रदेश सरकारबाट स्वीकृत मापदण्ड अनिवार्य रुपमा पालना गर्नु पर्नेछ।"

८. **मूल मापदण्डमा दफा ९ र दफा १० थपः** मूल मापदण्डको दफा ८ पछि देहायको दफा ९ र दफा १० थप गरिएको छः-

"९ **बाधा अड्काउ फुकाउनेः** यस मापदण्डको कार्यान्वयनमा कुनै द्विविधा भइ बाधा उत्पन्न भएमा मापदण्डको आधारभूत विषयमा प्रतिकूल असर नपर्ने गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले बाधा अड्काउ फुकाउनेछ।

१०. **मापदण्डमा संशोधनः** प्रदेश सरकारले यो मापदण्डलाई आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।"

**आज्ञाले,**
**कृष्ण प्रसाद मैनाली**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रू.५।-